## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/२२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु धनकौल गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णमोहनप्रसाद साह समेत ९ जना मु.नं. (०८१-CR-००८३) फैसला मिति २०८२/०९/१६ | गैरकानूनी लाभ हानी पुऱ्याउने बदनियतले कार्य गरी भ्रष्टाचार गरेको। | **आयोगको माग दावी**<br>• **धनकौलगाउँपालिकाका प्रमुखप्रशासकीय अधिकृत कृष्ण मोहन प्रसाद साह,इन्जिनियर उपेन्द्र प्रसाद साह, सहायक पाचौ मोहम्मद रफिकरसब. इन्जिनियरशशिरन्जन कुमार सिंहकोहकमा-** प्रतिबादी मध्येका सव. इन्जिनियर शशिरन्जन कुमार सिंहले गलत नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको,सहायक पाचौं मोहम्मद रफिकले उक्त योजनाको अनुगमन गरी प्रतिबेदन दिई रकम निकासाका लागि टिप्पणी आदेश तयार गरी पेश गरेको,इन्जिनियर उपेन्द्र प्रसाद साहले सव. ईन्जिनियर शशिरन्जन कुमार सिंहले तयार गरेको नापी किताब र कार्य सम्पन्न प्रतिवेदनको चेकजाँच गरेको तथा योजना अनुगमन गरी प्रतिबेदन समेत दिएको देखिएको र प्रमुख प्रशासकीय अधिकृत कृष्ण मोहन प्रसाद साहले योजनाको अनुगमन गरी प्रतिबेदन समेत दिई नापी किताब, कार्य सम्पन्न प्रतिवेदन र टिप्पणी सदर गरी भुक्तानी दिने कार्य गरी उल्लिखित प्रतिबादीहरूले आफूसमेतलाई गैरकानुनी लाभ र धनकौल गाउँपालिकालाई गैरकानूनी हानी पुऱ्याउने बदनियतलेकम काम भएको जानी जानी भए गरेको भन्दा बढी काम भए गरेको देखाईझुट्टा बिल,भर्पाई बनाई रु.७,७९,२०५।– (सात लाख उनासी हजार दुई सय पाँच) बढी भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ)बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा रु.७,७९,२०५।–(अक्षेरुपी सात लाख उनासी हजार दुईसय पाँचरुपैंया) विगो कायम गरी प्रतिबादीहरू कृष्ण मोहन प्रसाद साह, उपेन्द्र प्रसाद साह, मोहम्मद रफिकरशशि रन्जन कुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन २०५९, को दफा ८ को उपदफा (१)बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुलउपर हुनमागदावी लिइ विशेष अदालत काठमाण्डौंमा मुद्दा दायर भएको अवस्था देखिन्छ ।<br>• साथै सव.इन्जिनियर शशिरन्जन कुमार सिंहले गलत नापी किताब र कार्य सम्पन्न प्रतिवेदन तयार गरेको,सहायक पाचौं मोहम्मद रफिक,इन्जिनियर उपेन्द्र प्रसाद साह र प्रमुख प्रशासकीय अधिकृत कृष्ण मोहन प्रसाद साहले | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• नापी किताबको तथ्य हेर्दा समेत प्रतिवादीहरूले बदनियतपूर्वक बढी हिसाब निकाली रकम भुक्तानी गरेको भनी मान्न सक्ने अवस्था नदेखिएको,<br>• उपभोक्ता समितिलाई भूलवस बढी भुक्तानी हुन गएको रकम ब्याजसहित राजश्वमा दाखिला समेत भइसकेको<br>• प्रतिवादीहरूले बद्नियतपूर्वक उपभोक्ता समितिलाई बढी रकम भुक्तानी दिएको भनी कसूरदार ठहर गर्न मनासिव नदेखिएको। | • धनकौल गाउँपालिकावडा नं. ६ को कृषि बाटो निर्माण योजनामा राष्ट्रसेवक वडाध्यक्ष श्यामबाबु साह, प्रमुख प्रशासकीय अधिकृत कृष्ण मोहन प्रसाद शाह, ईन्जिनियर उपेन्द्र प्रसाद साह, लेखापाल अभय कुमार साह, योजना शाखाका मोहम्मद रफिक, सब ईन्जिनियर शशिरन्जन कुमार सिंहसमेतका राष्ट्रसेवक कर्मचारीहरुले आफूहरुले गैरकानूनी लाभ लिने वदनियतले उपभोक्ता समितिमा रहेका पदाधिकारी प्रतिवादीहरुसंगको एक आपसमा मिलोमतो गरी आयोजनाको कम कामलाई बढी काम परिमाण देखाई झुट्टा विल भर्पाई बनाई तोकिएको शर्त सम्झौता विपरीत कार्य गर्ने उक्त कृषि बाटो निर्माण उपभोक्ता समितका अध्यक्ष वोपेन्द्र राय, कोषाध्यक्ष सुरतीया कुमारी र सचिव इनरजित साह कानुले आफूहरुलाई गैरकानूनी लाभ पुऱ्याउने र धनकौल गाउँपालिकालाई गैरकानूनी हानी पुऱ्याउने बदनियतले नापी किताबमा भएको सि.नं. ५ मा Gabinjalli complete work को वास्तविक काम १४४ cu.m.मात्र भए गरेकोमा नापी कितावमा बदनियतपूर्वक १८९ cu.m. भए गरेको देखाई ४५cu.m.कम काम गरेकोमा बढी काम भए गरेको देखाईएको र सि.नं. ६ मा Gabinjalli complete work को काममा वास्तविक कार्य ४८cu.m.मात्र भए गरेकोमा नापी कितावमा १२६cu.m. भए गरेको भनी बदनियतपूर्वक ७८cu.m. कम काम गरेकोमा बढी काम गरेको देखाई नापी किताबमा चढाई हिसाब गरेको भन्ने मिसिल संलग्न कागजातवाट देखिएको अवस्था छ। नापी किताबको सि.नं. ५ र ६ मा जम्मा १२३ cu.m. कम काम गरी रु. ६,३३५।- का दरले रु.७,७९,२०५।००(सात लाख उनासी हजार दुई सय पाँच)का झुट्टा बिल भर्पाई बनाई वढी रकम भुक्तानी लिई/दिई उक्त कृषि बाटो निर्माणमा रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने मिसिल संलग्न कागजातवाट पुष्टि भईरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी विशेष अदालत काठमाण्डौंवाट भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ। वदर गरी पाउँ ।<br>• सार्वजनिक पदमा रहेका प्रमुख प्रशासकीय अधिकृत, इञ्जिनियर, सब–इञ्जिनियर तथा लेखापालजस्ता राष्ट्रसेवक कर्मचारीहरूले सार्वजनिक सम्पत्ति र बजेटको संरक्षण गर्न उच्च स्तरको सावधानी र जिम्मेवारीका साथ कार्य गर्नुपर्ने हुन्छ भन्ने सामान्य मान्यता समेत विपरित सार्वजनिक पदमा आसीन व्यक्तिहरूबाट अपेक्षित उच्च सतर्कता (due diligence ) को मापदण्ड अनुसार नापी किताब, प्राविधिक मूल्याङ्कन, कार्य सम्पन्न प्रतिवेदन तथा भुक्तानी सम्बन्धी कागजातहरू सावधानीपूर्वक रुजु जाँच गरी मात्र भुक्तानी प्रक्रिया अगाडि बढाउनुपर्नेमा यस्ता महत्वपूर्ण कागजातहरूको पर्याप्त परीक्षण नगरी भुक्तानी स्वीकृत गर्नु केवल साधारण त्रुटि नभई सार्वजनिक दायित्वको गम्भीर उल्लङ्घन मानिन्छ, जसले सरकारी सम्पत्तिमा हानी पुऱ्याउने जोखिम उत्पन्न गर्दछ। तर प्रस्तुत मुद्दामा विशेष अदालतले प्रतिवादीहरूबाट भएको यस्तो कर्तव्यको उल्लङ्घनलाई केवल सामान्य “मानवीय त्रुटि” को रूपमा व्याख्या गरी आरोपदावीवाट नै यि प्रतिवादीहरुलाई सफाई दिने गरी भएको विशेष अदालतको फैसला सार्वजनिक पदमा रहेको व्यक्तिको उच्च स्तरको जिम्मेवारी तथा उत्तरदायित्वसम्बन्धी स्थापित कानूनी सिद्धान्तको मर्म र उद्देश्यसँग विपरित रहेको देखिंदा उक्त विशेष अदालतको फैसला वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै सजाय गरीपाउँ ।<br>• प्रस्तुत फैसलामा उपभोक्ता समितिले बढी भुक्तानी भएको रकम ब्याजसहित फिर्ता गरिसकेको भन्ने आधारलाई प्रमुख मानी फैसला भएको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार अपराधको मूल तत्व बदनियत (mens rea) र गैरकानूनी लाभ/हानि हो, र एकपटक राज्यलाई हानी पुऱ्याई गैरकानूनी लाभ लिइसकेपछि पछि रकम फिर्ता गर्नुले अपराधलाई मेटाउँदैन भन्ने “actus non facit reum nisi mens sit rea” (दोषी मनसाय बिना कसूर हुँदैन, तर मनसाय भएपछिको कार्यले कसूर स्थापित हुन्छ) सिद्धान्त लागू हुन्छ। प्रस्तुत मुद्दामा नापी किताब र स्थलगत प्राविधिक प्रतिवेदनबाट रु. ७,७९,२०५ बराबर बढी भुक्तानी भएको तथ्य स्पष्ट देखिँदा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मिति २०८१।०१।१० गते अनुगमन तथा निरीक्षण गरी बदनियत पूर्बक भए गरेका कुरा लुकाई छिपाई नभए नगरेका कुरा देखाई प्राविधिक मूल्याङकन अनुसार सम्पन्न भएको भनी गलत प्रतिवेदन तयार गरी सोही आधारमा भुक्तानीको लागि सिफारिस समेत गरेकोले निज प्रतिबादीहरू प्रशासकीय अधिकृत कृष्ण मोहन प्रसाद साह,इन्जिनियर उपेन्द्र प्रसाद साह, सहायक पाचौ मोहम्मद रफिकरसब-इन्जिनियर शशिरन्जन कुमार सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादीहरुलाई सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना सजाय हुन मागदावी लिइएको लिई अभियोग पत्र दायर भएको अवस्था देखिन्छ ।<br>• धनकौल गाउँपालिकाका लेखापाल अभय कुमार साहको हकमा- प्रतिबादी अभय कुमार साह धककौल गाउँपालिकाका लेखापाल रहेकोमा निजले अन्य प्रतिबादीहरूको मिलोमतोमा आफुलाई गैरकानूनी लाभ र धनकौल गाउँपालिकालाईगैरकानूनी हानी पुऱ्याउने वदनियतले झुटा बिल भर्पाईको आधारमा उपभोक्ता समितिलाई काम भए गरेको भन्दा रु.७,७९,२०५।– (सात लाख उनासी हजार दुई सय पाँच) बढी रकम भुक्तानी दिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ग) र (ङ) बमोजिम कसुर गरेको पुष्टि हुन आएको हुँदा प्रतिबादी अभय कुमार साहलाई रु.७,७९,२०५।–(अक्षेरुपी सात लाख उनासी हजार दुई सय पाँच) विगो कायम गरी भष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१)बमोजिम कैद र जरिवाना गरी बिगो असुलउपर हुन मागदावी लिइ अभियोग पत्र दायर भएको अवस्था देखिन्छ ।<br>• वडा नं. ६ को वडा अध्यक्ष श्याम बाबु साहको हकमाः प्रतिबादी श्याम बाबु साहले कृषि बाटो योजनाको अनुगमन समितिको सदस्यको हैसियतले कृषि बाटो योजनाको मिति २०८१।०१।१० गते अनुगमन तथा निरीक्षण गरी प्राविधिक मूल्याङ्कन अनुसार सम्पन्न भएको भनी वदनियतपूर्बक भए गरेका कुरा लुकाई छिपाई नभए नगरेका कुरा देखाई गलत प्रतिवेदन तयार गरी भुक्तानीको लागि सिफारिस गरी अन्य प्रतिबादीहरूको मिलोमतोमा आफु समेतलाई गैरकानूनी लाभ र धनकौल | | पनि त्यसलाई “मानवीय त्रुटि” भन्दै सामान्यीकृत गर्नु “evidence must be appreciated as a whole” भन्ने सिद्धान्त विपरीत देखिन्छ ।त्यस्तै, सार्वजनिक पदमा रहेका व्यक्तिहरूबाट उच्च स्तरको सावधानी अपेक्षित हुने “higher standard of accountability of public officials” सिद्धान्त अनुसार सामान्य लापरवाहीको बहानामा राज्यलाई ठूलो आर्थिक हानी पुऱ्याउने कार्यलाई छुट दिन मिल्दैन भन्ने स्थापित सिद्धान्त विपरित प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण रहेकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोपदावी वमोजिम नै कसुर कायम गरी सजाय गरीपाउँ ।<br>• भ्रष्टाचारजन्य कसूरमा प्रतिवादीको कार्य विरुद्ध दुई किसिमको दायित्व सृजना हुन्छ ।(१) फौजदारी दायित्व जसमा प्रतिवादीले गरेको भ्रष्टचारजन्य कार्यमा हुने कैद र जरिवाना (२) देवानी दायित्व जस अन्तर्गत विगो भराउने असुल उपर गर्ने दायित्व प्रस्तुत मुद्दामा यि प्रतिवादीले देवानी दायित्व अन्तर्गत विगो रकम पछि दाखिल गरेकै आधारमा फौजदारी दायित्ववाट उन्मुक्ति हुन नसक्ने (ने.का.प.२०७७ अंक १ नि.नं. १०४१५) भनि संयुक्त इजलाशवाट प्रतिपादित नजिर सिद्धान्त समेतको आधारमा विशेष अदालतवाट भएको उक्त फैसला त्रुटिपूर्ण देखिंदा वदर गरी प्रतिवादीहरूलाई आरोपदावी वमोजिम नै कसुरदार ठहर गरी सजाय गरीपाउँ ।<br>• अतः माथि विवेचित आधार र कारण समेतबाट विशेष अदालतले गरेको प्रस्तुत फैसला त्रुटिपूर्ण देखिएकोले प्रतिवादीहरु कृष्णमोहनप्रसाद साह, उपेन्द्रप्रसाद साह, मोहम्मद रफिक शशीरन्जनकुमार सिंह, अभयकुमार साह ,वोपेन्द्र राय, इनरजित साह, सुरतीया कुमारी र श्यामबाबु साहलाई आरोपदावी वमोजिम नै कसूर कायम गरी सजाय गरीपाउँ । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गाउँपालिकालाई हानी नोक्सानी गरेको देखिएकाले धनकौल गाउँपालिका वडा नं. ६ का वडा अध्यक्ष श्याम बाबु साह गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन२०५९, को दफा १९ को उपदफा (२) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिबादी श्याम बाबु साहलाई सोही ऐनको दफा, १९ को उपदफा (२) बमोजिमकैद र जरिवाना सजाय हुन मागदाबी लिइ अभियोग पत्र दायर भएको अवस्था देखिन्छ ।<br>• उपभोक्ता समितिका अध्यक्ष वोपेन्द्र राय,सचिव इनरजित साहकानू र कोषाध्यक्ष सुरतीया कुमारीको हकमाः प्रतिबादीहरूले उपभोक्ता समितिको अध्यक्षमा वोपेन्द्र राय,सचिव इनरजित साह कानू र सुरतीया कुमारीकोषाध्यक्ष भई उपभोक्ता समिति गठन भएको र निजहरूको नाममा संयुक्त खाता सञ्चालन भएको देखिन्छ। उल्लिखित प्रतिबादीहरूले कृषि बाटो निर्माण गर्ने क्रममा धनकौल गाउँपालिकासंग निर्माण गर्नको लागि सम्झौता गरेकोमा फिल्डमा स्टिमेट र नापी किताबभन्दा कम परिमाणको काम गरी फिल्डमा भएको भन्दा बढी काम भएको देखिने गरी झुट्टा विल भर्पाई सम्बन्धी नापी किताब,कार्य सम्पन्न प्रतिवेदन तयार गरी नभएको/नगरेको कार्यको समेत बिल बनाउन लगाई बढी मूल्याङ्कन गरी अन्य राष्ट्रसेवक समेतका प्रतिबादीहरूको मिलोमतोमा आफुहरूलाई गैरकानूनी लाभ पुऱ्याउने र धनकौल गाउँपालिकालाई गैरकानूनी हानी पुऱ्याउने वदनियतले धनकोल गाउँपालिकासंग भएको कबुलित ठेक्का सम्झौताको पालन नगरी झुट्टा विल भर्पाई बनाई, बनाउन लगाई पेश गरीरु.७,७९,२०५।-(सात लाख उनासी हजार दुई सय पाँच)बढी रकम भुक्तानी लिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४)बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज प्रतिबादीहरू वोपेन्द्र राय,इनरजित साह कानू र सुरतीय कुमारीलाई विगो रु. ७,७९,२०५।-(सात लाख उनासी हजार दुई सय पाँच) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (४) बमोजिम सजाय गरी उल्लिखित विगो जफत हुन मागदावी लिइ विशेष अदालत काठमाण्डौं समक्ष अभियोग पत्र दायर भएको अवस्था देखिन्छ ।<br>**अदालतको फैसला**<br>• प्रस्तुत मुद्दामा प्रतिवादीहरु उपरको आरोपदाबी पुग्न | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नसक्ने ठहर गरी प्रतिवादीहरू कृष्णमोहनप्रसाद साह, उपेन्द्रप्रसाद साह, मोहम्मद रफिक, शशीरन्जनकुमार सिंह, अभयकुमार साह, वोपेन्द्र राय, इनरजित साह, सुरतीया कुमारी र श्यामबाबु साहले प्रस्तुत मुद्दाको आरोपदाबीबाट सफाइ पाउने ठहर गरी फैसला भएको अवस्था छ । | | |